भानु नगरपालिकाको २०७५/०८/१० गतेको नगरकार्यपालिकाको बैठकको प्रमाणित प्रतिलिपि ।

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१) महिला हिंसा विरुद्ध कार्यक्रमको जिल्ला प्रहरी कार्यालयलाई रकम भुक्तानी सम्वन्धमा ।
२) कार्यक्रम संशोधन सम्वन्धमा ।
३) राजस्व सम्वन्धि दर रेट र वडाको भूमिका सम्वन्धमा ।
४) सार्वजनिक सुनुवाई सम्वन्धमा ।
५) सवारी साधन दर्ता सम्वन्धमा ।
६) चालु वर्षको कार्यक्रम सम्पन्न अवधि सम्वन्धमा ।
७) वडा कार्यालयको भवन निर्माण सम्वन्धमा ।
८) सार्वजनिक स्थानमा बसोवास व्यवस्थित कार्यदल गठन गर्ने सम्वन्धमा ।
९) घर कायम सम्वन्धमा ।
१०) प्राविधिक कर्मचारीहलाई फिल्ड भत्ता, NRA का प्राविधिकलाई खाजा भत्ता सम्वन्धमा ।
११) कन्टेन्जेन्सी कट्टा गर्ने सम्वन्धमा ।
१२) कार्यविधि स्वीकृत सम्वन्धमा ।
१३) पाउँदी खोलाको ठेक्का सम्झौता गर्ने सम्वन्धमा ।
१४) वाइसजाँगर तनहुँ धमिलिकुवाचोक वोराङ खोला लमजुङ मार्ग र नेपालडाँडा तार्कुघाट धमिलिकुवा वोराङखोला मार्ग सम्वन्धमा ।
१५) पोलिटेक्नीक ईन्स्टिच्यूट सम्वन्धमा ।
१६) आर्थिक सहयोग सम्वन्धमा ।

प्रस्ताव नं. १ महिला हिंसा विरुद्ध कार्यक्रमको जिल्ला प्रहरी कार्यालयलाई रकम भुक्तानी सम्वन्धमा ।
निर्णय नं. १ जिल्ला प्रहरी कार्यालय दमौली तनहुँले महिला हिंसा र लागु औषध विरुद्ध साथ साथै हिंडौं भन्ने कार्यक्रम सञ्चालन गरी रु. ७५,०१०। (पचहत्तर हजार दश) माग गरी पत्र प्राप्त भएको सन्दर्भमा आ.व. ०७५/०७६ को लैंगिक हिंसा विरुद्ध अभियानमा स्वीकृत कार्यक्रमको रु. १,५०,०००। (एक लाख पचास हजार) मध्येबाट रु. ३५,०००। (पैंतिस हजार) जिल्ला प्रहरी कार्यालय दमौलीलाई भूक्तनी दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ कार्यक्रम संशोधन सम्वन्धमा ।
निर्णय नं. २ क) मिति २०७५/०६/०४ को कार्यपालिका वैठकमा भानु न.पा. ९ नं. वडामा आदिवासी जनजाती दिवसको अवसरमा सञ्चालित कार्यक्रमका लागि रु. ३,००,०००। (तीन लाख) भूक्तानी दिने निर्णय भएकोमा उक्त रकम आ.व. ०७५/०७६ को आदिवासी जनजाति शिर्षकमा विनियोजन भएको कार्यक्रम निम्नानुसार संसोधन गरी नियमानुसार भूक्तानी दिने निर्णय गरियो ।
क) होमस्टे प्रवर्द्धन कार्यक्रमको रु.२,००,०००। (दुई लाख) मध्येबाट रु.१,००,०००। (एक लाख)
ख) विपन्न जेहेन्दार आदिवासी जनजाति छात्रवृत्तिको रु. १,५०,०००। (एक लाख पचास हजार) मध्येबाट रु. १,५०,०००। (एक लाख पचास हजार)
ग) सरसफाई तालिमको रु. १,५०,०००। (एक लाख पचास हजार) मध्येबाट रु. ५०,०००। (पचास हजार)

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

ख) आ.व. ०७५/०७६ मा १० न. वडामा ट्रमा सेन्टरको भवन मर्मतको लागि रु. १,००,०००। (एक लाख) विनियोजन भएकोमा उक्त विनियोजित बजेटले ट्रमा सेन्टर राख्ने जोगीकुवा स्थित कालिमाटी हेल्थ क्लिनीकको भवन मर्मत गर्न अपुग हुने भएकोले १० नं वडा अर्न्तगत नगरस्तरीय अस्पतालको पूर्वाधार निर्माणको लागि विनियोजन भएको रु. १० लाख मध्येबाट रु ३ लाख ट्रमा सेन्टर राखिने भवनको मर्मतको लागि बजेट व्यवस्था गरिदिनुहुन भनी १० नं. वडाबाट अनुरोध भएअनुसार उक्त नगरस्तरीय अस्पताल निर्माणको लागि विनियोजीत १० लाख मध्येबाट रु. ३ लाख घटाई ट्रमा सेन्टर राखिने भवन मर्मतका लागि ४ लाख कायम गर्ने निर्णय गरियो ।

ग) आ.व. ०७५/०७६ मा १३ न. वडामा लैंगिक समानता तथा सामाजिक समावेशिकरण अन्तगंत दलित, जनजाति, जेष्ठ नागरिक अपाङ्गको पार्श्वचित्र तयारी कार्यक्रममा विनियोजित बजेट रु. ५०,०००। भानु नगरपालिका १३ न. वडामा स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमको लागि रकमान्तर गरिदिनुहुन भनि लेखिआएकोले उक्त पार्श्वचित्र तयारी कार्यक्रममा विनियोजित रु. ५०,०००। स्वास्थ्य शिविर कार्यक्रमका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

घ) आ.व. ०७५/०७६ मा ६ न. वडामा सामुदायिक भवन गैराथोक होमस्टे कार्यक्रममा विनियोजित बजेट रु. १,००,०००। (एक लाख) भानु नगरपालिका ६ न. वडाको धारापानी खानेपानी लागि विनियोजित भएको रकम रु. ५०,०००। अपुग हुनेभएकोले खानेपानी मर्मतका लागि सामुदायिक भवन गैराथोक होमस्टेमा विनियोजित रकम रु. १ लाख थप गरी रकमान्तर गरिदिनुहुन अनुरोध भईआएकोले उक्त सामुदायिक भवन गैराथोक होमस्टे कार्यक्रममा विनियोजित रु. १,००,०००। (एक लाख) धारापानी खानेपानीका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ राजस्व सम्वन्धि दर रेट र वडाको भूमिका सम्वन्धमा ।**

**निर्णय नं. ३** आ.व. ०७५/०७६ को नगरसभाबाट स्वीकृत राजस्वका दररेटलाई कार्यान्वयन गर्ने क्रममा भानु नगरपालिका क्षेत्रभित्र रहेका ठूला कुखुराका ह्याचरी र फर्महरुसँगको बैठकबाट देहायअनुसारको व्यवसाय कर र स्थानीय उत्पादन शुल्क लगाउने सहमती भयो । उक्त सहमती अनुसार करको दायरा फराकिलो भएको र व्यवसाय कर घटेपनि उक्त क्षेत्रबाट तोकिएको कर भन्दा बढी संकलन हुने भएकोले सहमती अनुसार कर शुल्क लगाई आगामी सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

क) साधारण कुखुरा व्यवसायी

| क.स. | विवरण | दर (रु.मा) | कैफियत |
|---|---|---|---|
| १. | २०० देखि ५०० चल्ला सम्म | १००० | वार्षिक कर |
| २. | ५०१ देखि ३००० चल्ला सम्म | २००० | वार्षिक कर |
| ३. | ३००१ देखि ७००० चल्ला सम्म | ३००० | वार्षिक कर |
| ४ | ७००१ देखि माथि | ५००० | वार्षिक कर |

ख) ठूला प्यारेन्ट तथा ह्याचरी फर्महरुका लागि

| क.स. | विवरण | दर (रु.मा) | गोटा | कैफियत |
|---|---|---|---|---|
| १. | ७०००-१०००० चल्ला सम्म | ७०००। | | वार्षिक कर |
| २. | १०००१-२०००० चल्ला सम्म | १५०००। | | वार्षिक कर |
| ३ | २०००१ भन्दा माथि | ३००००। | | वार्षिक कर |
| ४ | पंक्षी (हाँस, कुखुरा) | १ | प्रति गोटा | नियमित |
| ५. | चल्ला | ०.२० पैसा | प्रति गोटा | नियमित |
| ६. | अण्डा | ५ | प्रति पेटी | नियमित |
| ७. | मल | २ | प्रति बोरा | नियमित |

सबै वडाहरुले आफ्नो कार्यक्षेत्र तोकिएको दस्तुर, शुल्क उठाउन पहल गर्ने ।

पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४ सार्वजनिक सुनुवाई सम्बन्धमा ।
निर्णय नं. ४ आ.व. ०७५/०७६ को प्रथम चौमासिकको नगरपालिका र वडाहरुले २०७५ माघ मसान्त सम्म प्रथम चौमासिकमा भएका खर्च र गतिविधिका बारेमा सर्वसाधरण, स्थानीय राजनीतिक दल, पत्रकार बुद्धिजिविहरुलाई आमन्त्रण गरी सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ सवारी साधन दर्ता सम्बन्धमा ।
निर्णय नं. ५ भानु नगरपालिका ठेगाना राखी दर्ता भएका सवारी साधनहरुको नगरसभाले तोकेको सवारी साधन कर हरेक वडाले आफ्नो वडाभित्र भएका सवारी साधनहरुको कर संकलन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ चालु वर्षको कार्यक्रम सम्पन्न अवधि सम्बन्धमा ।
निर्णय नं. ६ नगरसभाबाट स्वीकृत रु. ५,००,०००। सम्मको कार्यक्रमहरु २०७५ फाल्गुन मसान्त सम्म र सो भन्दा वढीका कार्यक्रमहरु २०७६ वैशाख मसान्त सम्म सम्पन्न गरिसक्नुपर्नेछ । यसका लागि सम्बन्धित वडाहरुले आफ्नो क्षेत्रमा विनियोजन भएका कार्यक्रमहरु तोकिएको समयभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।
निर्णय नं. ७ नगरसभाबाट नगरपालिकाका ५ वटा वडा कार्यालयका भवनहरु निर्माण गर्ने कार्यक्रम स्वीकृत भएकोमा ६ नं. वडा को प्रस्तावित भवन निर्माण गर्ने जग्गासँग जोडिएको खारेज भएको पडके पसल प्राथमिक विद्यालयको जग्गा समेतलाई लिने प्रक्रिया टुगों लागेपछि ६ नं. वडा कार्यालयको भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ सार्वजनिक स्थानमा वसोवास व्यवस्थित कार्यदल गठन गर्ने सम्बन्धमा ।
निर्णय नं. ८ भानु नगरपालिकाका सडक, नदि, खोला, हाईटेन्सन लगायत सार्वजनिक जग्गाको मापदण्ड भित्र पर्ने संरचनाहरुको लागत तयार गरी अभिलेखिकरण गर्ने प्रक्रियाका लागि निम्नानुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

१) संयोजक सम्बन्धित वडाको वडाध्यक्ष
२) सदस्य सम्बन्धित वडा हेर्ने प्राविधिक
३) सदस्य नगरपालिकाका अमिन
४) सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

प्रस्ताव नं. ९ घर कायम सम्बन्धमा ।
निर्णय नं. ९ भानु नगरपालिका हुनुपूर्व बनेका घरहरुको घर कायम गर्ने म्याद २०७५ कार्तिक मसान्त सम्म गरिसक्नुपर्ने भनी नगरपालिकाबाट सूचना जारी भई सो म्याद सकिएकोमा म्याद भित्र दर्ता हुन नआएका घर टहरा तथा संरचनालाई पौष मसान्त सम्म घर कायम गर्न र पौष मसान्त सम्म पनि घर कायम नगरेमा दोब्बर दस्तुर लाग्ने गरी सूचना जारी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० प्राविधिक कर्मचारीहलाई फिल्ड भत्ता, NRA का प्राविधिकलाई खाजा भत्ता सम्बन्धमा ।
निर्णय नं. १० नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार, मासिक ज्यालादारी तथा अन्य प्राविधिक अमिन समेतलाई कार्तिक देखि आषाढ मसान्त सम्मका लागि अधिकृत स्तरलाई रु. ७,०००। (सात हजार) र

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सहायक स्तरलाई रु. ५,०००। (पाँच हजार) फिल्ड भत्ता दिने निर्णय गरियो । आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रममा फिल्ड भत्तामा रु. ४,००,०००। (चार लाख) विनियोजन भएकोमा नपुग हुने रकम नगरपालिकामा वचत हुने तथा अन्य स्रोतबाट प्राप्त हुने रकमबाट उक्त शिर्षकमा समायोजन गर्ने निर्णय गरियो । साथै पुनः निर्माणमा खटिएका प्राविधिक कर्मचारीलाई नगरपालिकाका योजना सम्बन्धि काम लगाउँदा काम गरेको दिनको रु. १०० खाजा खर्च दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ कन्टेन्जेन्सी रकम कट्टा गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ११** आ.व. ०७५/०७६ को स्वीकृत पुर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन) कार्यक्रमबाट प्राविधिक कार्य लगायत कार्यालय व्यवस्थापन, योजना गुणस्तर प्रयोजनका लागि विनियोजन भएको रकमको ३% कन्टेन्जेन्सी कट्टा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ कार्यविधि स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं. १२** क) भानु नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपोसार, बिक्री वितरण तथा प्रशोधन उद्योग संचालन गर्ने कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।
ख) भानु नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ पाउँदी खोलाको ठेक्का सम्झौता गर्ने सम्वन्धमा ।**

**निर्णय नं. १३** भानु नगरपालिका अन्तर्गत पर्ने पाँउदी खोला भन्नाले नाउँदी समेत जनाउने भएकाले ठेक्का सम्झौता गर्दा नाउँदी समेत उल्लेख गरी ठेक्का नं. ८ सुविल निर्माण सेवा सँग सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ वाइसजाँगर तनहुँ धमिलिकुवाचोक वोराङ खोला लमजुङ मार्ग र नेपालडाँडा तार्कुघाट धमिलिकुवा वोराङखोला मार्ग सम्वन्धमा ।**

**निर्णय नं. १४** यस भानु नगरपालिकाको वाइसजाँगर तनहुँ धमिलिकुवाचोक वोराङ खोला लमजुङ मार्ग र नेपालडाँडा तार्कुघाट धमिलिकुवा वोराङखोला मार्गको विगत वर्ष देखि DPR तयार भई टेण्डर समेत भएको र यस आ.व. ०७५/०७६ मा प्रदेशबाट काम सुरु गर्दा यस मार्गको जिरो (0) विन्दु भानु नगरपालिका ९ नं. वडाको वाँइसजाँगर दमौला र नेपालडाँडा तार्कुघाट धमिलिकुवा वोराङखोला मार्गको जिरो (0) विन्दु भानु नगरपालिकाको १० नं. वडाको नेपालडाँडा देखि काम शुरु गर्न प्रदेश सरकार तथा सम्वन्धित क्षेत्रमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ पोलिटेक्नीक ईन्स्टिच्यूट सम्वन्धमा ।**

**निर्णय नं. १५** भानु नगरपालिकामा पोलिटेक्निक ईन्स्टिच्यूट स्थापना गर्न उपयुक्त जग्गा उपलब्ध गराउने र त्यसको विस्तृत अध्ययन गर्न CTEVT मा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ आर्थिक सहयोग सम्वन्धमा ।**

**निर्णय नं. १६** भानु नगरपालिका ४ न. वडा जोखने निवासी सरस्वती लम्सालको छोरी वर्ष ४ की स्व. रन्जिता लम्साललाई मिति २०७५/०७/२९ गते बेलुकी ५:३० बजे बाघको अक्रमणबाट मृत्यु भएकोले सोक सन्तप्त परिवारलाई राहतस्वरुप नगरपालिकाबाट रु. २५,०००। (पच्चीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

पाण्डे
प्रमुख प्रशासकीय अधिकृत